सुन्दर, समुन्नत गाउँ, घर, शहर, धर्मदेवी नगरपालिकाको रहर ।

# आर्थिक वर्ष २०८१/८२ को

# नीति तथा कार्यक्रम

**(बाह्रौं नगरसभा)**

मिति २०८१/०३/०९

धर्मदेवी नगरपालिका,

मुढेशनिश्चरे, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

**धर्मदेवी नगरपालिकाको उपप्रमुख,**
**प्रमुख प्रशासकीय अधिकृत,**
**नगर सभाका सभाध्यक्षज्यू,**
**सम्पूर्ण कर्मचारीहरु,**
**सञ्चारकर्मी,**
**सुरक्षाकर्मीहरु ।**

सर्वप्रथम धर्मदेवी नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेसनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

धर्मदेवी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभूति भएको छ । यस अवसरमा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी नागरिक हक प्राप्ति गर्नको लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै स्थानीय सरकारको सबलता र लोकतान्त्रि शासन व्यवस्थाको सुदृढिकरण गर्न योगदान गर्नुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सम्मान व्यक्त गर्न चाहान्छु ।

गत आर्थिक वर्षमा नगर सभाले स्वीकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समीक्षा गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

धर्मदेवी नगरपालिकाको ऐतिहासिकता, सांस्कृतिक सम्पदा, स्थानीय मौलिकताको त्रिवेणीबाट आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । परिवर्तित परिवेश र धर्मदेवी नगरवासीको उत्कृष्ट चाहानालाई सम्बोधन गर्ने लक्ष्य राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले समग्रतामा मौलिक र सुशासनयुक्त धर्मदेवी नगर निर्माण गर्ने कार्यमा सघाउँ पुग्ने कुरामा म विश्वस्त छु । आगामी आर्थिक वर्ष २०८१।८२ को नगर सभाको यस बैठकमा प्रस्तुत धर्मदेवी नगरपालिकाको नीति तथा विषय क्षेत्रगत कार्यनीतिको कार्यान्वयनबाट धर्मदेवी नगरपालिकालाई दिशा निर्देश प्राप्त हुने अपेक्षा गरेको छु ।

**नगर सभाका सदस्य महानुभावहरु,**

अब म विगत र चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

**नीति**

"सुन्दर, समुन्नत गाउँ, घर, शहर, धर्मदेवी नगरपालिकाको रहर" को परिकल्पनालाई साकार पार्न नेपालको संविधान तथा कानूनले प्रत्याभूत गरेको स्थानीय सरकारको अधिकार प्रयोग र धर्मदेवी नगकरपालिकाको ऐतिहासिक तथा मौलिक पहिचानलाई अभिवृद्धि गर्दै धर्मदेवी नगरपालिकालाई सुरक्षित, समावेशी, दीगो र जिवन्त नगरको रुपमा विकास गरिनेछ ।

नगर सभा सदस्यज्यूहरु,

उल्लिखित नीति कार्यान्वयन गर्न देहाय बमोजिमको विषयगत कार्यनीतिहरु प्रस्तुत गर्न चाहान्छु ।

**क. आर्थिक विकास क्षेत्रसँग सम्बन्धित**

- कृषि तथा पशु विकासको लागि गुरु योजना तयार गरिनेछ ।

- **कृषि विकास**

१. परम्परागत निर्वाहमूखी खेती पद्धतिलाई व्यवसायिक तथा अर्गानिक खेती प्रणाली उपनाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

२. कृषिमा व्यवसायीकरण, आधुनिकीकरणका उपायहरु खोजी गरी विदेश जान चाहने र विदेशबाट फर्केका युवाहरुलाई कृषि पेशामा आबद्ध भई स्वरोजगार बन्न उत्प्रेरित गरी कृषि क्षेत्रको उत्पादन बढाइनेछ ।

३. कृषि पेशालाई आकर्षित एवं मर्यादित जीवन पद्दतिको रुपमा स्थापित गर्न कृषि शिक्षालाई प्रवर्द्धन गरिनेछ ।

४. कृषकहरुलाई बिऊ, बिजन वितरण गरी कृषि नर्सरी स्थापना गर्ने व्यवस्था मिलाइनेछ।

५. मुडेशनिश्चरे बजार क्षेत्रमा व्यवस्थित कृषि बजार सञ्चालन गरिनेछ ।

६. कृषिलाई जलवायू परिवर्तन अनुकूल उत्पादनशील प्रविधिको विकासमा जोड दिइनेछ ।

७. कृषि यन्त्र उपकरणमा अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाइनेछ ।

८. बेमौसमी खेती, आलू, अलैचीं, सुन्तला, किवी, अम्लिसो, चिया, फलफूल र कफी खेतीको पकेट क्षेत्र र ब्लक क्षेत्रको पहिचान गरी कृषकहरुलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ । कफी खेतीमा आबद्ध कृषक समूहलाई कफीको बिरुवा उपलब्ध गराइनेछ।

९. व्यवसायिक कृषि प्रवर्द्धनको लागि कृषकहरुका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. स्थानीय कृषि उपजको उत्पादनलाई भण्डारण र बजारीकरणको व्यवस्था मिलाइनेछ ।

११. कृषि व्यवसायमा संलग्न कृषक एवं खेती योग्य जमिनको पार्श्वचित्र निर्माण गर्न पहल गरिनेछ।

१२. कृषि विषयमा स्नातक अध्ययन गर्न चाहने विपन्न गरिब विद्यार्थीलाई छात्रवृत्तीको व्यवस्था गरिनेछ।
१३. माटो परिक्षण प्रयोगशालाको विस्तार गरी माटोको प्रकार, गुणस्तर र जलवायु अनुकुल खेतीको लागि प्राविधिकको विकास गरिनेछ ।

- पशु विकास
  १. व्यवसायिक पशुपालनका लागि गोठ सुधार कार्यक्रम सञ्चालन गरी पशुपालक कृषकहरुको लागि अनुदानको व्यवस्था मिलाइनेछ ।
  २. पशुहरुमा लाग्ने रोगहरुको उपचार गर्न मोबाइल पशु क्लिनिक सञ्चालन गरिनेछ ।
  ३. पशु विमा तथा नश्ल सुधार कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।
  ४. कुकुरको टोकाइबाट लाग्न सक्ने रेबिज रोग नियन्त्रणका लागि रेबिज बिरुद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
  ५. पशुधन र जनस्वास्थ्यको रक्षा गर्न पशु रोग नियन्त्रणसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । पशु रोगहरुको निदान रोकथाम र नियन्त्रणका लागि खोप अभियान सञ्चालन गरिनेछ ।

- उद्योग तथा वाणिज्य
  १. नगर क्षेत्रमा सञ्चालित उद्योग एवं व्यवसायहरुलाई उद्योग वाणिज्य सङ्घसँगको समन्वयमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।
  २. उद्यमशीलता विकासका लागि घरेलु कार्यालय तथा उद्योग वाणिज्य सङ्घको सहकार्यमा उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
  ३. विपन्न महिलाहरुको जीविकोपार्जनमा सुधार गर्न स्वरोजगार सिर्जना हुन सक्ने सिप विकासको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
  ४. स्थानीय परम्परागत एवं लोपोन्मुख घरेलु उद्योगहरुको संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।
  ५. स्थानीय तहमा उपलब्ध कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगलाई प्राथमिकतामा राखी प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
  ६. सरोकारवालाहरुको सहकार्य र समन्वयमा बजार र उद्योगहरुको निरन्तर अनुगमन गरिनेछ ।

- पर्यटन विकास

१. नगर क्षेत्रभित्रका मठ, मन्दिर, पाटी, पौवा, बौद्ध, चैत्य, गुम्बा, चर्च, धर्मशाला लगायतका धार्मिक महत्व राख्ने वस्तुहरुको संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।

२. ऐतिहासिक, पुरातात्विक र सांकृतिक धरोहरको रुपमा रहेको धर्मदेवी मन्दिरलाई जीर्णोद्धार गरी उक्त स्थानमा पोखरीको निर्माण गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्र नगर पार्क, सहिद पार्क, **Children Park** निर्माण गर्न उपयुक्त स्थानको पहिचान गरी कार्यान्वयन गर्रिंदै लगिनेछ ।

४. गुँरासको राजधानी तिनजुरे, मिल्के, जलजले क्षेत्रभित्र रहेको पाथिभरा मन्दिरको पर्यटन प्रवर्द्धन गर्ने किसिमका योजनाहरु क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

५. आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि होटल, पाहुना घर, रेष्टुरेण्ट तथा Home Stay निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

६. नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि विकास साझेदार संस्थाहरुको सहकार्यमा **'सडक पर्यटन'** आयोजना सञ्चालन गर्दै लगिनेछ ।

७. नगर क्षेत्रभित्र परम्परादेखि सञ्चालन हुँदै आएका मौलिक, कला, संस्कृति विभिन्न जातजातीका भाषाहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

८. साहित्य, कला, विभिन्न जात जातीका भेषभूषा एवं सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिएका वस्तुहरुको सङ्कलन गरी संरक्षण र संवर्द्धनका लागि हाङ यलम्बर पार्कमा **धर्मदेवी सङ्ग्राहलय**को स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

९. परम्परागत रुपमा प्रचलनमा रहेका मेला, जात्रा, पर्व, महोत्सव, नाँच, गान, वाजा तथा धर्म संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।

१०. नगरपालिका क्षेत्रभित्रका पर्यटकीय दृष्टिकोणले महत्व राख्न सक्ने नागढुङ्गा, गलैचे पोखरी, बोझेनी पोखरी, सिमले झरना, महादेव गुफा, अक्करको भीर, सितलेमा रहेको चमेरे गुफा तथा पुपाङ्गु दरबारे पैदल मार्ग र ठुटे खोला झरना लगायतका सम्भाव्य स्थानहरुको पहिचान एवं सम्भाव्यता अध्यायन गरी आवश्यक संरचनाहरु निर्माण गर्दै लगिनेछ ।

११. धर्मदेवी नगरपालिका क्षेत्रमा पर्यटन सुचना केन्द्रको स्थापना गरी पर्यटन सुचनाको प्रचार प्रसार गर्ने नीति लिइनेछ ।

- सहकारी

१. **"गाउँ गाउँमा सहकारी घर घरमा रोजगारी"** भन्ने नारालाई मूर्त रुप दिन कृषि सहकारी मार्फत् किसानहरुको आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार गरिनेछ ।

२. सहकारी संस्थाहरुका पदाधिकारी एवं कर्मचारीहरुका लागि सहकारी शिक्षासम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. सहकारीका सिद्धान्त मुल्य र मापदण्डहरुको अनुसरण गरी समग्र सहकारी क्षेत्रलाई व्यवस्थापन गरिनेछ ।
४. नगरपालिका भित्रका सबै सहकारीहरुलाई COPOMIS मा आवद्ध गरिनेछ ।
५. कृषि सहकारीलाई प्रतिस्पर्धात्मक एवं गुणात्मक क्षमता वृद्धिको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
६. राष्ट्रिय भूमी आयोगको मापदण्ड अनुसार प्राथमिकताका आधारमा प्रयोग बिहिन जग्गामा भुमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासको व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

**ख. सामाजिक क्षेत्रसँग सम्बन्धित**

- **स्वास्थ्य**

१. माम्लिङमा निर्माणाधिन पाँच शैया आधारभूत अस्पतालको निर्माण सम्पन्न गरी सुविधा सम्पन्न अस्पतालको रुपमा सेवा सुचारु गरिनेछ ।
२. स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रथम सेवा विन्दु नगरपालिकामा नै स्थापना गर्न पहल गरिनेछ र वीमा कार्यक्रमलाई प्राथमिकतामा राखी सम्पूर्ण नागरिकलाई स्वास्थ्य वीमाको पहुँचमा वृद्धि गरिनेछ ।
३. कडा रोग (मुटु रोग, क्यान्सर, मृगौला डाइलोसिस तथा मृगौला प्रत्यारोपण, मेरुदण्ड पक्षघात, कलेजो प्रत्यारोपण, हेड इन्ज्युरी) बाट पीडित नगरवासीहरुको औषधि उपचार सेवा लिन सहज तुल्याउने स्वास्थ्य यातायात खर्चलाई निरन्तरता दिइनेछ ।
४. गर्भवति तथा सुत्केरी आमाहरुको लागि निःशुल्क क्यालसियम चक्की वितरण, घुम्ती भिडियो एक्स-रे तथा ल्याब सेवा मार्फत् सञ्चालन भइरहेका सेवालाई निरन्तरता दिइनेछ।
५. यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता र दीगोपना कायम गरिनेछ ।
६. धर्मदेवी नगरपालिकाको वडा नं. ३, ५ र ९ मा सञ्चालित गाउँ, घर क्लिनिकलाई क्रमशः अन्य वडाहरुमा विस्तार गर्दै लगिनेछ ।
७. स्वास्थ्य चौकीहरुमा न्यूनतम सेवा मापदण्ड कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा समेत विस्तार गर्दै लगिनेछ ।
८. नगरपालिकाका जेष्ठ नागरिकहरुको लागि घरैमा गएर निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
९. आँखा रोग उपचारका लागि नेपाल नेत्र ज्योति सङ्घ, खाँदबारी, सङ्खुवासभाको साझेदारीमा सञ्चालनमा रहेको धर्मदेवी आँखा उपचार केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ।

- **शिक्षा विकास**

१. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार तथा शैक्षिक विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२. विद्यार्थीमा अन्तरनिहित प्रतिभाको विकासको लागि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।

३. शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक गतिविधिलाई प्रभावकारी बनाइनेछ ।

४. शिक्षक-विद्यार्थी दरबन्दि मिलान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५. मेयर, उपमेयर एवं जनप्रतिनिधिहरुसँग बालबालिका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. मेन्टर शिक्षक र विज्ञ समुहको रोष्टर तयार गरी शिक्षण संस्थाहरुको प्रभावकारी अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

७. विषयगत शिक्षकहरुको रोष्टर तयार गरी अनुभव आदानप्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. सामुदायिक विद्यालयहरुमा ईन्टरनेट जडान भई सञ्चालन हुन नसकेका विद्यालयमा इन्टरनेट सुचारु हुने व्यवस्था मिलाइनेछ ।

९. मेयर शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. सामुदायिक विद्यालयहरुको कक्षा ८, कक्षा १० र कक्षा १२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने छात्र तथा छात्रालाई पुरष्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. भाषा, साहित्य र कलामा विशेष योगदान पुऱ्याउने स्रष्टालाई सम्मान गर्ने व्यावस्था मिलाइनेछ।

१२. आर्थिक रुपले विपन्न, दलित, जनजाती, सिमान्तकृत, द्वन्द्व पीडित र विपत्तीमा परेका बालबालिकाहरुलाई विशेष छात्रावृत्तिको व्यवस्था मिलाइनेछ ।

१३. सामुदायिक विद्यालयहरुमा  शैक्षिक सामग्री, खेल सामग्री, प्राथमिक स्वास्थ्य उपचारका सामग्रीहरु वितरण गरिनेछ ।

१४. प्रारम्भिक कक्षा विस्तार गर्ने तथा नगरपालिकाबाट वितरण हुने अनुदानलाई वैज्ञानिक तथा पारदर्शी बनाइनेछ ।

१५. स्थानीय पाठ्यक्रम निर्माण तथा प्रवोधिकरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१७. नगरपालिकाभित्रका विपन्न वर्गको विद्यार्थीले उच्च प्राविधिक शिक्षा हासिल गर्नको लागि छात्रवृत्तीको व्यवस्था मिलाइनेछ ।

१८. पालिकामा रहेका शिक्षकहरुको प्रतिभा पहिचान कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

१९. नगरमा रहेका विद्यालयहरुमा Big School को अवधारणाको सुरुवात गरिनेछ ।
२०. पालिकाभित्र रहेका ३८ वटै सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी इ-हाजिरीको सुचारु गरेर निरन्तर अनुगमन गरिने व्यवस्था मिलाइनेछ ।

- **खेलकुद तथा मनोरञ्जन**
  १. 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नारालाई मूर्त रुप दिन नगर खेलकुद विकास समिति मार्फत् खेलकुद क्लबहरु र खेलकुद विकास कार्यक्रमहरुलाई एकद्वार प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।
  २. नगरस्तरीय खेलकुद, मेयर कप, राष्ट्रपति रनिङ शिल्ड, अन्तर नगर खेलकुदहरुको सञ्चालन निरन्तरता एवं प्रवर्द्धन गरिनेछ ।
  ३. मार्सल आर्ट तथा स्काउट विधाका कार्यक्रमलाई अगाडी बढाइनेछ ।
  ४. खेलकुदमा उत्कृष्ट खेलाडीहरुलाई सम्मान गर्ने कार्यक्रम समावेश गरिनेछ ।

- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**
  १. लैङ्गिक समानता तथा महिला सशक्तीकरण कार्यक्रमलाई जोड दिँदै महिला बालबालिकाका विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र भेदभाव न्यूनीकरण गर्न सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।
  २. लक्षित समूह विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
  ३. जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक दिवा सेवा केन्द्र र जेष्ठ नागरिक चौतारी स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
  ४. सामाजिक विकृतिका रुपमा रहेका जातीय छुवाछुत, दाइजो प्रथा, बाल बिवाह जस्ता सामाजिक कुसंस्कारहरुको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालनमा निरन्तरता दिइनेछ ।
  ५. महिला स्वरोजगार सिर्जनामा सहयोग पुऱ्याउने सिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन निरन्तरता दिइनेछ ।

**ग. पूर्वाधार विकास क्षेत्रसँग सम्बन्धित**

- **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल**
  १. ड्रेन सहितको सडक निर्माणमा जोड दिइनेछ ।
  २. सडक निर्माण कार्यलाइ प्राथमिकतामा राखी कालो पत्रे तथा ढलान सडक निर्माणमा जोड दिइनेछ । साथै हाल मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।

३. सडक सीमा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाइदै लगिनेछ ।
४. सडक निर्माण गर्दा सडकको दुवै किनारामा वृक्षारोपण गर्ने तथा Environment Management Plan (EMP) बनाई कार्यान्वयनमा ल्याइनेछ ।
५. नगर यातायात गुरु योजना (MTMP) बमोजिम सडक स्तरोन्नति गर्दै लगिनेछ ।
६. सडक पुल निर्माण गर्न सम्भव नभएका स्थानहरुमा झोलुङ्गे पुल निर्माण गरिने तथा हाल सञ्चालनमा रहेका झोलुङ्गे पुलहरुको मर्मत सम्भारलाई नियमितता दिइनेछ ।
७. फुसको छानो रहित पालिका बनाउने नीति अवलम्बन गरिनेछ ।

- **सिंचाई विकास**

१. कृषि योग्य जमीनको लागि सिंचाईको व्यवस्था मिलाइनेछ ।
२. किसानलाई सिंचाईमा प्रयोग हुने यन्त्र उपकरणहरुमा लागत साझेदारीमा अनुदान उपलब्ध गराइनेछ ।

- **भवन तथा सहरी विकास**

१. वडा कार्यालय भवन क्रमशः निर्माण गर्दै लगिनेछ।
२. धर्मदेवी नगरपालिकाको आवश्यक स्थानमा क्रमागत रुपमा निर्माण भएका धर्मघाटहरुलाई निरन्तरता दिई व्यवस्थित गरिनेछ ।
३. भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड र भवन निर्माण आचारसंहिताको आधारमा भवन निर्माण इजाजत प्रदान गरिनेछ ।
४. नगरपालिकाको स्थापना हुनु अगावै बनेका घरहरु तथा नक्सापास नगरी बनाइएका घरहरुको हकमा अभिलेखीकरण गरिनेछ।
५. अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री पूर्वाधार संरचना निर्माणमा जोड दिइनेछ ।
६. नगरपालिकाको रिङ रोड (चक्रपथ) निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिनेछ ।
७. नगरपालिका क्षेत्रभित्र निर्माण गरिने घरहरुको निर्माण स्वीकृति तथा नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।
८. धर्मदेवी नगरपालिकाको मुडेशनिश्चरे क्षेत्रमा **बसपार्क** निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गर्न पहल गरिनेछ ।
९. मुडेशनिश्चरे बजार क्षेत्रमा सडक पेटी निर्माण तथा रेलिङ निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।
१०. सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिन स्रोत व्यवस्थाको लागि पहल गरिनेछ।

- **उर्जा विकास**
  १. धर्मदेवी नगरपालिकाको बजार क्षेत्रहरुमा सौर्य सडक बत्ती व्यवस्थापनको कार्यलाई निजी क्षेत्र एवं स्थानीय सरोकारवालाहरुको सहभागितामा अगाडि बढाइनेछ ।
  २. सौर्य बत्ति विस्तार गरी "**नगर उज्यालो कार्यक्रम**" सञ्चालन गरिनेछ।
  ३. घर घरबाट निस्किने धुवालाई व्यवस्थापन गर्नका लागि सुधारिएको चुल्हो कार्यक्रम सञ्चालन गरिनेछ ।
  ४. वायोग्यास प्लान्ट निर्माण कार्यलाई लागत सहभागितामा सञ्चालन गरिनेछ ।
  ५. घर निर्माण गर्दा सौर्य उर्जा जडान गर्ने व्यवस्था मिलाइनेछ ।

- **खानेपानी तथा सरसफाई**
  १. धर्मदेवी नगरपालिका भित्र प्लाष्टिकको झोला प्रयोगलाई निरुत्साहित गरिनेछ ।
  २. स्वच्छ एवं गुणस्तरीय खानेपानीको दिगो व्यवस्थापनको लागि **धर्मदेवी नगर गौरव खानेपानी आयोजना** सञ्चालन गरिनेछ ।
  ३. सञ्चालनमा रहेका खानेपानी ट्याङ्कीहरुको मर्मत तथा संभार गरी नगरवासीहरुमा स्वच्छ खानेपानीको पहुँचमा अभिवृद्धि गर्दै लगिनेछ ।
  ४. मुडे बजारको फोहोर व्यवस्थापनका लागि उचित डम्पिङ साइटको व्यवस्थापन गरिनेछ साथै अन्य स्थानहरुमा पनि फोहोर व्यवस्थानका लागि पहल गरिनेछ ।

**घ. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धित:**

- **सामुदायिक वन**
  १. सामुदायिक वन व्यवस्थापन मार्फत् वन नर्सरी, कृषि वन र वनजन्य उद्यम विकासमा जोड दिइनेछ ।
  २. वन्यजन्तु र त्यसको वासस्थान तथा दुर्लभ वनस्पतीको संरक्षण गरिनेछ ।
  ३. बजार क्षेत्रमा आगलागीबाट हुने क्षति न्यूनिकरणको लागि पोखरी निर्माण गरी बजार Area मा दमकलको Firing Pipe बिछ्याइ अग्नि नियन्त्रणको व्यवस्था गरिनेछ ।
  ४. वडा नं. ६, ७ र ८ मा हुने वन डढेलो नियन्त्रणका लागि खानेपानी ट्याङ्कीबाट Firing Pipe को व्यवस्था गरिनेछ ।
  ५. मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
  ६. डिभिजन वन कार्यालयसँग समन्वय गरी सामुदायिक वनहरुलाई नगरपालिकामा सूचीकृत हुने र सामुदायिक वनहरुले सञ्चालन गर्ने आफ्ना गतिविधिहरु नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

७. वन अतिक्रमण, चोरी निकासी, वन डढेलो जस्ता अपराधिक गतिविधिलाई निरुत्साहित गर्दै लगिनेछ ।

८. सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध व्यक्तिहरुको लागि जिविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- **भु-संरक्षण तथा जलाधार संरक्षण**

  १. जैविक विविधता, जलाधारको दिगो विकासका लागि जनभागितामूलक व्यवस्थापनमा जोड दिइनेछ।

  २. ताल, तलैया र सिमसार क्षेत्रको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धनसँग आवद्ध गरिनेछ ।

  ३. भूक्षय, बाढी, पहिरो नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधि समेतको प्रयोग गरी योजनाहरु सञ्चालन गरिनेछ ।

- **जलवायू परिवर्तन तथा वातावरण संरक्षण**

  १. जलवायू परिवर्तनको प्रभाव न्यूनिकरण गर्न गैर सरकारी संस्था, निजी क्षेत्र एवं विकास साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायू परिवर्तन अनुकूलनका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

  २. वातावरणमैत्री पूर्वाधार निर्माण तथा वातावरण प्रदूषण न्यूनिकरणमा जोड दिइनेछ ।

  ३. कृषिजन्य उत्पादनमा विषाधिको प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ ।

  ४. जलवायू परिवर्तन न्यूनिकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकासमा सहयोग पुग्ने कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गरिनेछ ।

- **विपद् व्यवस्थापन**

  १. विपद् जोखिम न्युनिकरणका कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत् सञ्चालन गरिनेछ । साथै, विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाइनेछ ।

  २. विपद् जोखिम न्यूनिकरण योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीतालाई प्राथमिकतामा राखिनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास क्षेत्रसँग सम्बन्धिः

- **सुशासन प्रवर्द्धन**
  १. नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, आम्दानी तथा खर्चको सार्वजनिकिकरण, सार्वजनिक लेखा परीक्षण एवं चौमासिक समीक्षा जस्ता कार्यक्रमहरु निरन्तर सञ्चालन गरिनेछ ।
  २. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको जानकारीको लागि नागरिक वडा पत्र (Citizen Charter) तथा सेवाग्राहीहरुलाई आवश्यक सूचना प्रवाह र सहयोग पुऱ्याउने सहायता कक्ष (Help Desk) को व्यवस्था गरिनेछ ।
  ३. धर्मदेवी नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा रहेका टोल विकास संस्थाहरुलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।
  ४. नगरवासीलाई छिटो र सर्वसुलभ सेवा प्रदान गर्नका लागि आवश्यकताअनुसार **घुम्ति सेवा शिविर** सञ्चालन गरिनेछ ।
  ५. आयोजना सञ्चालनमा शून्य पेश्कीको अवधारणालाई निरन्तरता दिइनेछ ।
  ६. न्यायिक प्रक्रियामा मेलमिलापकर्ताहरुको भुमिकालाई अभिवृद्धि गर्दै लगिनेछ ।
  ७. सुशासन प्रवर्द्धनमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिइनेछ ।
  ८. नगरपालिकाबाट हुने भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

- **सुरक्षा व्यवस्थापन**
  १. नगरवासीलाई सुरक्षाको प्रत्याभूति दिलाउन मुडेशनिश्चरे बजारमा रहेको प्रहरी चौकीलाई स्तरोन्नति गरी इलाका प्रहरी कार्यालय बनाउनका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
  २. नगर सुरक्षाका लागि नगरपालिका क्षेत्रका बजारहरुमा आवश्यकताअनुसार सिसि क्यामराको जडान गर्दै लगिनेछ ।
  ३. नगर प्रहरी सञ्चालनसम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

- **क्षमता विकास**
  १. जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन क्षमता विकास योजना (Capacity Development Plan) तर्जुमा गरिनेछ ।
  २. नगरपालिकाबाट प्रवाह हुने सेवाहरुलाई सेवाग्राहीमैत्री एवं डिजिटलमैत्री बनाइदै लगिनेछ।
  ३. टोल विकास संस्थाका पदाधिकारीहरुको क्षमता विकासको कार्यक्रम सञ्चालन गरी नगरपालिकाको विकासमा टोल विकास संस्थाहरुलाई क्रियाशील गराइनेछ ।

- **राजस्वसम्बन्धी**
  १. संविधान बमोजिम स्थानीय तहलाई प्राप्त राजस्वसम्बन्धी अधिकारको प्रयोग गर्दै नगरपालिकालाई आर्थिक रुपमा समृद्ध एवं आत्मनिर्भर बनाउन राजस्वका सबै सम्भावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढङ्गले करका दरहरु निर्धारण गरिनेछ।
  २. राजस्व अभिबृद्धिका लागि राजस्व शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
  ३. राजस्व चुहावटका क्षेत्र पहिचान गरी नियन्त्रण गर्दै कर प्रशासनलाई चुस्तदुरुस्त तुल्याउन उत्प्रेरणात्मक र दण्डात्मक दुवै तरिकाहरु अवलम्बलन गरिनेछ ।
  ४. राजस्व सङ्कलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमा आबद्ध गरिनेछ ।

- **रोजगार सम्बन्धी**

१. गरिबी र बेरोजगारीलाई न्यूनिकरण गर्न स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सिप र क्षमता उपयोग हुने कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ ।

अन्त्यमा,

माथि प्रस्तावित नीति तथा कार्यनीतिको पूर्ण कार्यान्वयन गर्न आवश्यक कार्यक्रम र बजेटको विस्तृत विवरण सहितको प्रस्ताव यसै नगर सभाको आगामी बैठकमा प्रस्तुत हुने व्यहोरा जानकारी गराउँदै नीति, कार्यनीति, कार्यक्रम तथा बजेट पूर्ण रुपमा कार्यान्वयन गर्न हामी सबैको सामूहिक प्रतिबद्धता र सोही बमोजिमको क्रियाशीलता आवश्यक हुन्छ ।

यस नीति तथा कार्यक्रम निर्माणमा रचनात्मक सल्लाह, सुझाव उपलब्ध गराई सहयोग गर्नुहुने नगर उपप्रमुख, कार्यपालिकाका सदस्यज्यूहरु तथा नगर सभाका सदस्यज्यूहरु, स्थानीय राजस्व परामर्श समितिका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, बुद्धिजिवी, समाजसेवी, विकास साझेदार संस्थाहरु, निजी क्षेत्र, गैर सरकारी सङ्ग-संस्था, सञ्चार जगत, नागरिक समाज, कर्मचारीहरु लगायत सम्बद्ध सबै पक्षहरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**